# निष्कृय सदस्यहरुलाई सूचना

यस टेवा बहुउद्देश्यीय सहकारी संस्था लि.को शेयरसदस्य भई विगत लामो समय देखि संस्थाको सम्पर्कमा नआई अनिवार्य बचत तथा नियमित आर्थिक कारोबार निरन्तर नगर्ने सदस्यहरुलाई संस्थामा सम्पर्क गरी सक्रियता पूर्वक कारोबार गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

# सदस्य पहिचान फारम (KYM) अद्यावधिक गर्ने सम्वन्धी सूचना

सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ नियम ३ बमोजिम यस संस्थामा आबद्ध हुनु भएका सदस्य महानुभावहरुले सदस्य पहिचान फारम (KYM) भरी आफ्नो विवरण अद्यावधिक गराई सहयोग गरिदिनहुन हार्दिक अनुरोध गर्दछौं ।

**आवश्यक कागजात**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
२. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो -१ प्रति
३. हाल बसोबास गरिरहेको ठेगाना पुष्टि हुने कुनै कागजातको प्रतिलिपि
   (जस्तै : जग्गाधनि प्रमाण पुर्जा, बसाई सराईको प्रमाण पत्र, विवाहदर्ता, मतदाता परिचय पत्र आदि ।)

सदस्य पहिचान फाराम यस संस्थाको कार्यालय वा संस्थाको वेबसाइट *https://tewampc.com.np//download* बाट समेत डाउनलोड गरि प्राप्त गर्न सकिन्छ ।

# दोहोरो सदस्यता सूचना सम्बन्धमा

संघीय सहकारी ऐन २०७४ को दफा ३२ मा एक व्यक्ति एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थामा सदस्य हुन नसक्ने र यो व्यवस्था प्रारम्भ हुँदाको वखत एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थामा सदस्य भएको व्यक्तिले यो व्यवस्था प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने भएकाले हाम्रो टेवा बहुउद्देश्यीय सहकारी संस्थाको सदस्यता कायम राखी अन्य संस्थाको सदस्य अन्त्य गर्नुहुन अनुरोध गर्दछौं ।